

# स्वर्गद्वारी

नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र



# स्वर्गद्वारी

गोबिन्द आचार्य

यो किताब
पुस्तकालय प्रयोजनका लागि हो ।
बिक्री गर्न पाइने छैन ।

नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

प्रकाशक : नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

© प्रकाशकमा

परिमार्जित संस्करण : २०७३

---

अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी) को सहयोगमा यो सन्दर्भ सामग्री प्रकाशन भएको हो। यसमा समाविष्ट सामग्रीको जिम्मेवारी प्रकाशकमा निहित छ। यसमा रहेका सामग्रीले युएसएआइडी र अमेरिकी सरकारको अवधारणालाई प्रतिनिधित्व गर्दैनन्।

# हाम्रो भनाइ

बाल बालिकाको पठन सिप बढाउन, मनोरञ्जन प्रदान गर्न, मानसिक र बौद्धिक विकासका लागि सिकाइ सम्बद्ध सन्दर्भ सामग्रीहरूको महत्त्वपूर्ण भूमिका हुन्छ । सन्दर्भ सामग्रीले बाल बालिकालाई अध्ययनशील बनाउनका साथै पढाइ सिप विकास गरी पाठ्य पुस्तकमा भएका विषय वस्तु ग्रहण गर्नसमेत मदत गर्छ ।

पाठ्यक्रम विकास केन्द्रद्वारा राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम कार्यान्वयन गर्ने क्रममा सेभ द चिल्ड्रेनले तयार गरेको यो सन्दर्भ सामग्रीलाई अद्यावधिक गरी युएसएआइडीको आर्थिक सहयोगमा प्रकाशनमा ल्याइएको हो। प्रस्तुत सन्दर्भ सामग्री कक्षा १ देखि ३ सम्मका विद्यार्थीहरूका लागि उपयोगी हुने गरी विकास गरिएको छ तापनि आवश्यकतानुसार जुनसुकै कक्षामा पनि प्रयोग गर्न सकिने छ ।

प्रस्तुत सामग्री शिक्षकहरूले सबै बाल बालिकाहरूलाई पढ्ने मौका दिई आपसमा छलफलसमेत गराई उनीहरूको पठन सिप विकासमा सहयोग गर्नुहुने छ भन्ने अपेक्षा गरिएको छ । अन्त्यमा यस सामग्रीका सम्बन्धमा प्राप्त हुने सुझाव एवम् प्रतिक्रियाका लागि पाठ्यक्रम विकास केन्द्र सदैव स्वागत गर्दछ ।

वि.सं. २०७३ पाठ्यक्रम विकास केन्द्र



## स्वर्गद्वारी

स्वर्गद्वारी नेपालको धार्मिक तथा पर्यटकीय स्थल हो । स्वर्गद्वारी प्राकृतिक सौन्दर्यका दृष्टिले समेत महत्त्वपूर्ण मानिन्छ । यहाँको हावापानी शीतल छ । स्वर्गद्वारीबाट धौलागिरि, नीलगिरि, माछापुच्छ्रे, अन्नपूर्ण, मनास्लुलगायत हिम शृङ्खलाहरू देखिन्छ ।



## महत्त्व

यो नेपालका प्राचीन मन्दिरहरूमध्ये एक हो । पौराणिक कालमा पाण्डवहरू स्वर्ग जाँदा यही बाटो भएर गएको मान्दै यस ठाउँलाई स्वर्गद्वारी भनिन्छ । यहाँ परापूर्व कालमा ऋषिहरू र ब्रह्मा आएर तपस्या गरेको जन विश्वास छ । यहाँ ऐतिहासिक अग्निखण्ड र गुफा छन् । यहाँ धेरै गाईहरू पालिएको छ ।

वैशाख पूर्णिमा, बुद्ध जयन्ती, उभौली पर्व र जेष्ठ, भाद्र, कार्तिक र माघे सङ्क्रान्तिमा मेला यहाँ लाग्दछ । यहाँ नेपालका विभिन्न भागका साथै भारतबाट समेत तीर्थयात्रीहरू आउँछन् ।





यहाँ १९५१ सालमा रोल्पाका बाल तपस्वी श्री नारायण गौतम आएका थिए । उनले वेदका मन्त्रद्वारा अग्नि प्रज्वलित गरी १९५२ वैशाख पूर्णिमादेखि अखण्ड महायज्ञ सुरु गरेका थिए । विश्व शान्तिका लागि सञ्चालित सो यज्ञको अग्नि अहिलेसम्म बलिरहेको छ ।





## कहाँ पर्दछ ?

प्युठान जिल्लाको खलङ्गाबाट २६ किलोमिटर उत्तरमा स्वर्गद्वारी मन्दिर छ । यो क्षेत्र समुद्री सतहबाट ७००० फिटको उचाइमा छ । स्वर्गद्वारी आश्रम २६०० रोपनीमा फैलिएको छ । आश्रमदेखि माथिको डाँडामा शिद्धबाबाको मन्दिर छ । यो मन्दिरमा महिनाको पहिलो आइतबार पूजा हुन्छ ।



## स्वर्गको द्वार र गुप्ती सागर

स्वर्गद्वारीको टाकुरामा एउटा गुफा छ । यो गुफाभित्र छिर्ने ठाउँलाई स्वर्गको द्वार र त्यहाँबाट पुगिने २३०० मिटर तलको लुङ्गी माडीको दोभानलाई गुप्तीसागर भन्ने गरिन्छ ।

आश्रमभित्र गणेश पञ्चाङ, शिव पञ्चाङ, देवी पञ्चाङ, सूर्य पञ्चाङ, विष्णु पञ्चाङ गरी पाँच कुण्डहरू छन् ।



## कसरी जाने ?

पूर्व पश्चिम महेन्द्र राजमार्गको दाङ, भालुवाङदेखि प्युठानको भिङ्ग्रीसम्म सडक छ । काठमाडौँबाट जाने हो भने रोल्पा जाने बस चढेर भिङ्गीमा ओर्लनुपर्दछ । भिङ्ग्रीबाट चार घन्टाजति उकालो चढेपछि स्वर्गद्वारी पुगिन्छ ।





